# प्रसौनी गाउँपालिका

## प्रसौनी, बारा

# स्थानीय राजपत्र

**खण्डः ६** **संख्याः १८** **मितिः २०८०।०९।२९**

भाग-२

# प्रसौनी गाउँपालिका

## थोपा सिचाई सहित प्लाष्टिक टनेल वितरण कार्यविधि,२०८०

**प्रस्तावनाः-**

ग्रामिण क्षेत्रको भुगोल भएका क्षेत्रमा बेमौसमी तरकारी खेती, फलफुल तथा तरकारीको बेर्ना उत्पादन गरि कृषकहरुलाई व्यवसायिक बनाउँदै आर्थिक रुपमा मजबुत बनाउने उद्देस्यका साथै दिर्घकालिन रुपमा कृषकहरुले फलफुल तथा तरकारी खेतीबाट नाफा मुलक आय आर्जन गर्ने उद्वेश्यले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (११) को उपदफा (ण) बमोजिम यस कार्यविधि जारी गरिएको छ । थोपा सिचाई सहित प्लाष्टिक टनेल वितरण कार्यक्रमलाई कार्यान्वयनमा ल्याउने कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यविधिको नाम “थोपा सिंचाई सहित प्लाष्टिक टनेल बितरण कार्यविधि" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा।

(क) “गाउँपालिका” भन्नाले प्रसौनी गाउँपालिका बारालाई सम्झनु पर्छ।

(ख) “कार्यपालिका” भन्नाले प्रसौनी गाउँ कार्यपालिका बारालाई सम्झनु पर्छ।

(ग) “अध्यक्ष” भन्नाले प्रसौनी गाउँपालिका अध्यक्ष भन्ने सम्झनुपर्दछ।

(घ) “उपाध्यक्ष” भन्नाले प्रसौनी गाउँपालिका उपाध्यक्ष भन्ने सम्झनुपर्दछ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले प्रसौनी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(च) “स्थानीय सरकार” भन्नाले प्रसौनी गाउँपालिका वा नेपाल सरकारले तोकेको स्थानीय तहलाई सम्झनुपर्दछ।

(छ) “कार्यविभाजन नियमावली” भन्नाले प्रसौनी गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४ सम्झनुपर्छ।

(ज) “प्लाष्टिक टनेल” भन्नाले बेमौषमी फलफुल तथा तरकारी साथै अन्य बाली खेती गर्न प्रतिकुल मौसम लाई अनुकुल बनाउन प्रयोग गरिने सिल्पोलिन प्लाष्टिक छापो लाई प्लाष्टिक टनेल भनिन्छ।

(झ) “कृषक” भन्नाले यस गाउँपालिकामा स्थायी वा अस्थायी बसोबास गर्ने सम्पुर्ण कृषकलाई सम्झनु पर्छ।

(ञ) “कृषक समुह” भन्नाले गाउँपालिकामा नियमानुसार दर्ता भएका वा सो भन्दा अघि विषयगत रुपमा दर्ता भएका कृषक समुह सम्झनुपर्दछ। यसमा विभिन्न समुह सेवाका समेतलाई जनाउदछ।

(ट) “कृषि” भन्नाले आफ्नो जिवन चलाउन भुमिमा पशु तथा कृषि जन्य फसल उत्पादन गर्न गरिने क्रिया लाई कृषि भनिन्छ।

(ठ) “कृषि इकाई" भन्नाले प्रसौनी गाउँपालिका कृषि इकाईलाई सम्झनु पर्छ ।

(ड) " इकाई प्रमुख " भन्नाले प्रसौनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि बिकास इकाई प्रमुख सम्झनुपर्दछ।

(ढ) “ अनुदान” भन्नाले यस कार्यक्रम अन्तर्गत बितरण गरिने प्लाटिक टनेलमा दिईने छुट लाई सम्झनु पर्ने छ ।

(ण) “प्रस्तावना” भन्नाले संघ, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य विभिन्न निकायवाट आव्हान भएका सुचनाहरु समेतलाई जनाउदछ।

(त) “कार्यक्रम” भन्नाले अनुदानमा बेर्ना बितरण तथा नर्सरी व्यवस्थापन सम्वन्धि विभिन्न कार्यक्रमहरु भन्ने सम्झनुपर्दछ।

(थ) “लक्षितवर्ग” भन्नाले गाउँपालिका भित्रका सम्पुर्ण कृषक, कृषक समुह तथा कृषि सहकारीहरु लाई सम्झनुपर्दछ।

(द) “साझेदारी” भन्नाले विभिन्न कार्यक्रम सञ्चालनका लागि सरकारी तथा गैह्र सरकारी र निज स्वयम् किसान वीचको द्विपक्षीय बहुपक्षीय सम्झौतामा सञ्चालन हुने कार्यक्रमहरुको साझेदारी सम्झनुपर्दछ ।

(ध) “ विषयगत निकाय” भन्नाले प्रसौनी गाउँपालिका कृषि बिकास ईकाइ सम्झनु पर्दछ।

**३. टनेल घर सम्बन्धि मापदण्डः-**

क. प्लाष्टिक टनेल घर १० मिटर लम्बाई र ६ मिटर चौडाईको हुनुपर्नेछ।

ख. टनेल निर्माणको लागि टनेल घरको धुरीको खाँचा १० वटा कम्तिमा ३ मिटरको हुनेछ । जसमध्ये ५० से.मि. माटो मुनि गाडिएको हुनुपर्नछ।

ग. बलेसीको खाँवा दुबै तर्फ ५।५ गरी १० वटा कम्तिमा २.५ मिटरको हुनुपर्नेछ। जसमध्ये ५० से.मि. माटो मुनि गाडिएको हुनुपर्नेछ।

घ. भाटा वा डाँडा कम्तिमा २५-४५ वटा भएको हुनुपर्नेछ।

ङ. टनेल घरमा ३ वटा सिधा वला प्रयोग गर्नुपर्नेछ।

च. टनेल घर निर्माण गर्दा बाँस वा अन्य उपयुक्त काठ प्रयोग गर्नुपर्नेछ।

**४. कार्यक्रमको उद्देश्यः-** क. बेमौसमीमा पनि सिँचाईको समुचित तथा न्यायोचित तरिकाले प्रयोग गरि गुणस्तरीय तरकारी उत्पादन गर्नु ।

**५. प्लाष्टिक टनेल वितरण सम्बन्धि सुचना तथा आवश्यक कागजातहरुः-**

क.यस कार्यक्रम संचालनका लागि सम्बन्धित कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार उत्पादन गरेका विरुवाहरु वितरणका लागि सार्वजनिक रुपमा अधिकतम कृषकहरुमा सुचनाको पहुँच पुग्ने गरी आवेदन मागका लागि कम्तीमा १५ (पन्ध्र) दिनको सूचना प्रसारण गर्नुपर्नेछ।

ख.यस कार्यक्रमको आवेदनका लागि माग निवेदनको ढाँचा अनुसुची-१ बमोजिम रहने छ।

ग. उपदफा (१) बमोजिम प्राप्त आवेदन अनुसार लाभग्राही छनौट गरि स्वीकृत कार्यक्रम अनुसार अनुदानमा थोपा सिँचाई सहित प्लाष्टिक टनेल कृषक तथा कृषक समुहहरुलाई वितरण गरिनेछ।

**घ. आवेदनका लागि आवश्यक कागजातहरुः-**

१. नागरिकताको प्रतिलिपि,

२. जग्गा धनिपुर्जा प्रमाण-पत्रको प्रतिलिपि,

३. वडा कार्यालयको सिफारिस,

४. निवेदन,

ङ. माथि उल्लेखित दफा क,ख,ग र घ मा जे कुरा लेखिए तापनि साझेदार संस्थामा कार्य गर्नुपरेमा शाखाले संकलन गरेको विवरण तथा आवश्यकताको आधारमा सिफारिस गरे स्वतः टनेल निर्माणका लागि सिफारिस गर्न सक्नेछ।

६. टनेल वितरणमा अनुदान रकमको सिमा यस टनेल वितरण कार्यक्रममा स्वीकृत वार्षिक कार्यक्रमको आधारमा अनुदानमा प्लाष्टिक टनेल वितरण गरिने छ भने साझेदारी भए निःशुल्क रुपमा वितरण गरिनेछ।

**७. छनौट तथा सिफारिस समिति :** (१) यस प्लाष्टिक टनेल बितरण कार्यक्रममा लाभग्राही छनौट गर्न देहाय अनुसारको एक छनौट तथा सिफारिस समिति रहनेछ।

| | | |
|---|---|---|
| प्रसौनी गाउँपालिका अध्यक्ष | - संयोजक | १ |
| गाउँपालिका उपाध्यक्ष | - सदस्य | १ |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य | १ |
| आर्थिक विकास समितिको संयोजक | - सदस्य | १ |
| सम्बन्धित विषयगत शाखा प्रमुख | - सदस्य सचिव | १ |

(२) छनौट तथा सिफारिस समितिको काम, कर्तब्य र अधिकारः-

क. यस कार्यक्रमको लाभग्राही छनौट गरि गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

**८. अनुगमन समिति**

(१) यस प्लाष्टिक टनेल बितरण कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि देहाय बमोजिमको एक अनुगमन समिति रहनेछ।

निम्न

| | | |
|---|---|---|
| गाउँपालिका उपाध्यक्ष | - संयोजक | १ |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य | १ |
| आर्थिक विकास समितिको संयोजक | - सदस्य | १ |
| सम्वन्धित विषयगत शाखा प्रमुख | - सदस्य सचिव | १ |

(२) अनुगमन समितिको काम कर्तव्य र अधिकार :

क. प्लाष्टिक टनेल बितरण पस्चात त्यसको अनुगमन गर्ने।

ख. अनुगमनको क्रममा देखिएका तथ्यको आधारमा कार्यक्रमको प्रभावकारीता, पहुँच तथा समस्याको पहिचान तथा समाधान सहित सम्बन्धित निकायमा सुझाव सहित पेश गर्ने,

ग. कार्यविधिको लक्ष्य तथा उदेश्य अनुरुप काम भएको वा नभएको प्रभावकारीता मूल्याङकन गरि आवश्यक कार्यक्रम तर्जुमा तथा निति तय गरी गाउँ कार्यपालिकामा पेश गर्ने।

**९. यस कार्यक्रमको लक्षित बर्ग**

क. यस कार्यक्रममा लामो समय देखी व्यवसायिक बमौषमी तरकारी खेती गर्दै आएका, पानीको स्रोत कम भएको क्षेत्रमा तरकारी खेती गर्ने, आर्थिक रुपमा कम्जोर कृषकहरु, दलित, एकल महिला, अपाङ्गता भएका व्यक्तिका परिवार आदी।

**१०. अभिलेख तथा प्रगति प्रतिवेदनः**

(१) यस कार्यक्रम कार्यबिधिले निर्धारित गरेका सम्पूर्ण नियम अनुसारका कागजपत्रहरुको व्यवस्थापन गर्ने कार्य सम्बन्धित विषयगत निकायलेगर्नेछ।

(२) यस कार्यक्रम संचालन पस्चात विषयगत निकायले अनुसुची (४) बमोजिम बार्षिक रुपमा अभिलेख राख्ने छ।

**११. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

अनुसूचू-१

थोपा सिचाई सहित प्लाष्टिक टनेल वितरण कार्यविधि,२०८०

दफा ३ को उपदफा २ सँग सम्बन्धित

थोपा सिचाई सहित प्लाष्टिक टनेल माँगको लागि निवेदनको ढाँचा

मितिः-.........................

श्री............................................,

..................................................,

..................................................।

विषयः- थोपा सिँचाई सहित प्लाष्टिक टनेल माँग सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा यस प्रसौनी गाउँपालिका कृषि विकास ईकाई/साझेदारी संस्थाको कार्यक्रम अनुसार ......................प्रतिशत अनुदानमा वितरण हुने थोपा सिँचाई सहित प्लाष्टिक टनेल पाउँ भनि यो निवेदन पेश गर्दछु।

निवेदक

नामः-

ठेगानाः-

सम्पर्क नं.

अनुसूची-२

थोपा सिचाई सहित प्लाष्टिक टनेल वितरण कार्यविधि,२०८०

दफा ६ को उपदफा ६ सँग सम्बन्धित

कृषक/कृषक समुहको नामः-

ठेगानाः-

| **सि.नं.** | **आधारहरु** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **कैफियत** |
|---|---|---|---|---|
| १ | लामो समय देखि तरकारी खेती गर्दै आएको | २० | | |
| २ | पानीको श्रोत कम भएको क्षेत्रमा तरकारी खेती गर्ने कृषक | ३० | | |
| ३ | आर्थिक अवस्था न्युन भएको कृषक | ३० | | |
| ४ | अपाङ्गता भएका परिवार, एकल परिवार, दलित | २० | | |
| | जम्मा | १०० | | |

अनुसूची-३

थोपा सिचाई सहित प्लाष्टिक टनेल वितरण कार्यविधि,२०८०

दफा १० को उपदफा २ सँग सम्बन्धित

प्लाष्टिक टनेल वितरण कार्यक्रम संचालन पश्चात राखिने अभिलेखको ढाँचा

आ.व..................।................

| क्र.सं. | कृषक/कृषक समुहको नाम | ठेगाना | संख्या | कैफियत | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

गाउँ सभाबाट अनुमोदन मितिः- २०८०।०९।२९
प्रमाणिकरण मितिः- २०८०।०९।२९

आज्ञाले
सुमित कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत